7th of march 2025

National News

मुख्य समाचार

- दादरा-नगर हवेली अनि दीव र दमन 'देशको धरोहर' रहेको प्रधानमन्त्रीको भनाइ
- प्रधानमन्त्री भारतीय जन औषधि परियोजना अन्तर्गत सस्तो र गुणस्तरीय औषधिले स्वास्थ्य सेवामा क्रान्ति
- प्रधानमन्त्री नरेन्द्र मोदी यो महिनाको एघार तारीख देखि मॉरीशषको दुई दिने यात्रामा जानुहुने
- आकाशवाणी समाचारले भोलि अंतरर्ष्टिय महिला दिवस भिन्नै तरिकाले मनाउने

दादरा-नगर हवेली अनि दीव र दमन 'देशको धरोहर' रहेको प्रधानमन्त्रीको भनाइ

प्रधानमन्त्री नरेन्द्र मोदीले दादरा र नगर हवेली अनि दीव र दमनलाई देशको धरोहर बताउनुभएको छ। उहाँले यस केन्द्र शासित प्रदेशलाई आदर्श विकास मोडेल बनाउने सरकारको प्रयासलाई पनि उल्लेख गर्नुभएको छ। प्रधानमन्त्रीले सिलवासा पुगेपछि आज एक जनसभालाई सम्बोधन गर्दै भन्नुभयो, "पछिल्ला केही वर्षमा यस प्रदेशले विश्वस्तरीय पूर्वाधार, संचार, स्वास्थ्य सेवा र पर्यटनको क्षेत्रमा उल्लेखनीय उपलब्धि हासिल गरेको छ।"
उहाँले रेल र सडक सञ्जालको विस्तारले यहाँको पर्यटनलाई ठूलो फाइदा पुगेको बताउनुभयो। यस क्षेत्रमा सञ्चालित विभिन्न पर्यटन परियोजनाको चर्चा गर्दै प्रधानमन्त्री मोदीले भन्नुभयो, "अब यो क्षेत्र भारतकै प्रमुख पर्यटक गन्तव्यहरू मध्ये एक बन्न पुगेको छ।"

प्रधानमन्त्रीले भारतको विकासको सपना, स्वस्थ भारत निर्माणबाट मात्रै सम्भव हुने बताउनुभयो। उहाँले सरकारले सस्तो मूल्यमा औषधि उपलब्ध गराउने उद्देश्यले जन-औषधि केन्द्रहरूको संजाल विस्तार गरिरहेको जानकारी दिनुभयो। प्रधानमन्त्रीले 'मिशन म्यानुफ्याक्चरिङ' अन्तर्गत आगामी दिनमा यस क्षेत्रलाई थप फाइदा पुग्ने बताउनुभयो। उहाँले भन्नुभयो, "पछिल्लो दशकमा यो क्षेत्र एक औद्योगिक केन्द्रका रूपमा स्थापित हुँदै गएको छ। यसले रोजगारीका अवसर सिर्जना गर्नुका साथै आदिवासी समुदायलाई पनि आर्थिक रूपमा सशक्त बनाएको छ।" यसअघि प्रधानमन्त्रीले सिलवासामा नमो अस्पतालको पहिलो चरणको उद्घाटन गर्नुभयो। साथै, उहाँले दुई हजार पाँच सय सतासी करोड रुपैयाँ लागतका 62 परियोजनाहरूको उद्घाटन तथा शिलान्यास पनि गर्नुभयो। यी परियोजनाहरूमा ग्रामीण सडकहरू, विद्यालय, स्वास्थ्य केन्द्र, आंगनवाडी केन्द्र र खानेपानी आपूर्तिसम्बन्धी

आयोजनाहरू समावेश छन्। यसैबीच प्रधानमन्त्री श्री मोदी सूरत खाद्य सुरक्षा सन्तृप्ति अभियानको शुभारम्भ गर्न गुजरातको सूरत पुग्नुभयो। भोलि अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा उहाँ नवसारीमा 'लखपति दिदी सम्मेलन'मा सहभागी हुनुहुनेछ। उक्त कार्यक्रममा उहाँले 25 हजारभन्दा बढी स्वयम् सहायता समूहका 2.5 लाख महिलाहरूलाई 450 करोड रुपैयाँभन्दा बढी सहायता रकम वितरण गर्ने कार्यक्रम रहेको छ।

<u>प्रधानमन्त्री भारतीय जन औषधि परियोजना अन्तर्गत सस्तो र गुणस्तरीय औषधिले स्वास्थ्य सेवामा क्रान्ति</u>

केन्द्रीय स्वास्थ्य मन्त्री जगत प्रकाश नड्डाले भन्नुभयो कि प्रधानमन्त्री भारतीय जन औषधि परियोजना "अच्छा भी सस्ता भी" मन्त्रका साथ सबैका लागि स्वास्थ्य सेवामा क्रान्तिकारी परिवर्तन ल्याउँदैछ। जन औषधि दिवसको अवसरमा मन्त्री श्री नड्डाले देशभर 15 हजारभन्दा बढी जन औषधि केन्द्र सञ्चालनमा रहेको जानकारी दिनुभयो, जसले दैनिक 10 लाखभन्दा बढी नागरिकलाई सेवा प्रदान गरिरहेका छन्।

यी केन्द्रहरूमा उपलब्ध औषधिहरूमा 50 देखि 90 प्रतिशतसम्मको छुट दिइएको छ। उहाले प्रधानमन्त्री भारतीय जन औषधि परियोजनाको यात्राको चर्चा गर्दै भन्नुभयो कि यस पहलले प्रत्येक नागरिकलाई आवश्यक स्वास्थ्य सेवा पहुँच सुनिश्चित गरिरहेको छ।

केन्द्रीय स्वास्थ्य राज्यमन्त्री अनुप्रिया पटेलले भन्नुभयो कि यो परियोजनाले सस्ता तथा गुणस्तरीय औषधिहरूको नयाँ मापदण्ड स्थापित गरेको छ, जसका कारण हरेक नागरिकले स्तरीय स्वास्थ्य सेवा प्राप्त गरिरहेका छन्। उहाले जोड दिँदै भन्नुभयो कि यो अभियान करोडौँ नागरिकको जीवन सुधार्न मद्दत पुऱ्याउँदै स्वास्थ्य क्षेत्रका लागि वरदान सावित भएको छ।

<u>प्रधानमन्त्री नरेन्द्र मोदी यो महिनाको एघार तारीख देखि मॉरीशषको दुई दिने यात्रामा जानुहुने</u>

प्रधानमन्त्री नरेन्द्र मोदी यो महिनाको एघार तारीख देखि मॉरीशषको दुई दिने यात्रामा जानुहुनेछ। आज अपरान्ह नयाँ दिल्लीमा मीडियालाई यसको जानकारी दिँदै विदेश मन्त्रालयका प्रवक्ता रणधीर जैसवालले बताउनुभए अनुसार प्रधानमन्त्री, 12 मार्चका दिन हुने मॉरीशषको राष्ट्रीय दिवसमा मुख्य अतिथि हुनुहुनेछ। भारतीय नौसेनाको एउटा जहाज लगायत भारतीय रक्षा सेवाको एक दलले यो समारोहमा भाग लिनेछ। आफ्नो यात्राको बेला,

प्रधानमन्त्री मोदीले मॉरीशषका राष्ट्रपति र प्रधानमन्त्रीसित भेट गर्नुहुनेछ। उहाँले मॉरीशषका गण्यमान्य व्यक्ति र वरिष्ठ नेताहरूका साथ बैठक गर्नुहुनेछ।

इलेक्ट्राँनिक्स र सूचना प्रौद्योगिकी मन्त्री अश्विनी वैष्णवले AI संचालित उद्योगहरूका लागि अघिल्लो पीढ़ी तयार गर्नमा, उद्योग र शिक्षा जगत माझ सहयोगको महत्वमा जोढ़ दिनुभएको छ। नयाँ दिल्लीमा आज एउटा सम्मेलनलाई संबोधन गर्दै श्री वैष्णवले भन्नुभयो की 340 विश्वविद्यालयहरूलाई धेरै प्रमुख वैश्विक कम्पनीहरूका AI र सेमीकन्डक्टर डिजाइन टूलबाट लन्च गरिन्दैछ। उहाँले शिक्षाविद्हरूसित संस्थानहरूमा यस्ता पहलहरूलाई अघाढ़ी बढ़ाउने आह्वान गर्नुभयो। उहाँले भन्नुभयो, विश्वका शीर्ष पाँचवटा प्रोद्योगिकी देशहरूमा शामेल हुनका लागि भारतलाई नयाँ तकनीक र उत्पाद विकसित गर्नपर्दछ।

दिल्ली – महिला शक्ति

दिल्लीकी मुख्यमन्त्री रेखा गुप्ता आज विकसित भारत 2047 को लागि महिला शक्ति नामक कार्यक्रममा शामेल हुनुभयो। यस अवसरमा उहाँले समाजले देशका नारीहरूलाई अघाढ़ी बढ़ाउने दिशामा काम गर्नुपर्ने, बताउनुभयो । परिवार, शिक्षक र सामाजिक संस्थाहरूले, नारीहरूलाई भविष्यमा अघाड़ी बढ़ने अवसर दिनुपर्छ, उहाले थप भन्नुभयो।

आकाशवाणी समाचारले भोलि अंतरर्ष्टिय महिला दिवस भिन्नै तरिकाले मनाउने

आकाशवाणी समाचारले भोलि अंतरर्ष्टिय महिला दिवस भिन्नै तरिकाले मनाउने भएको छ।

24 सै घंटा ईंग्लिस र हिन्दी समाचार बुलेटिन महिला समाचार विचिकाहरूले प्रस्तुत गर्नेछन्। आज मध्यमराति हेखि यो विशेष पहल शुरूहुनेछ। आकाशवाणीको समाचार सेवा विभागकी सबै महिला कर्मचारीहरूले भोलि दिनमा इंग्लिस र हिन्दी समाचार कक्षमा संपूर्ण संचालन गर्नेछिन्। आकाशवाणी समाचारले भोलि बेलुकी 9.15 दिखि 10 बजे सम्म, अन्तर्राष्ट्रीय महिला दिवसबारे एक विशेष पैनल परिचर्चा पनि प्रसारित गर्नेछ।

महिला क्रिकेट

लखनाउमा महिला प्रीमियर लीग क्रिकेटमा आज साझ साढ़े 7 बजे देखि दिल्ली कैपटलसको गुजरात जाएट्सिसित मुकाब्ला शुरूभएको छ। अंक तालिकामा दिल्ली प्रथम अनि गुजरात तेस्रो स्थानमा छ। हिजो, मुंबई इंडियन्सले, यू पी वारियर्सलाई छह विकेटले पराजित गरेको थियो।